# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

## सूचना ! सूचना !! सूचना !!!

भक्तपुरका जनता यो शहरलाई सफा-स्वच्छ, सांस्कृतिक नगर, पर्यटकीय गन्तव्यस्थल र शिक्षाको केन्द्र बनाउन लागिपरेका छन् । सरसफाइ सभ्यताको परिचय हो । नगरलाई सफा र स्वच्छ बनाउने उद्देश्यअनुरुप बजाररुटमा पनि फोहर छुट्याई सङ्कलन गर्न हामी लागिपरेका छौं । यस्तो नगरपालिकाको कार्यमा सहयोग गर्न सम्पूर्ण पसल व्यवसायीहरुमा हार्दिक अपिल गर्दछ ।

च्याम्हासिंहदेखि टौमढी-भार्वाचो हुँदै खौमासम्म बजार लाइनका पसलहरुबाट आउने फोहरलाई कुहिने र नकुहिनेमा अलग अलग सङ्कलन गर्ने निर्णय भएको हुँदा प्रत्येक पसललाई नकुहिने फोहर राख्न १ थान बोरा र कुहिने फोहर राख्न १ थान बाल्टिन वितरण गरी २०७४ पुस १५ गतेदेखि नगरपालिकाबाट दिउँसो १२ बजेदेखि ३ बजेसम्ममा साइरन बजाई गाडीबाट निम्नअनुसार फोहर सङ्कलन गर्ने भएकोले सोही अनुसार मात्र फोहर दिनुहुन अनुरोध गर्दछ ।

- आइतबार, मंगलबार र बिहीबार नकुहिने फोहरमात्र सङ्कलन गर्ने ।
- सोमबार, बुधबार, शुक्रबार र शनिबार कुहिने फोहरमात्र सङ्कलन गर्ने ।